आज मिति २०८३ साल जेठ ९ गते दिनको १० : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को तेह्रौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओबिलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर बुढा | सहायक प्रशासकीय अधिकृत | |
| २ | टंक बहादुर पुन | बरिष्ठ लेखा सहायक | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## तेह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।

२. अपाङ्गता रोकथाम तथा पुन:स्थापना साझेदारी कार्यक्रम सम्बन्धमा ।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि पूर्व स्वीकृति सम्बन्धमा ।

४. गाउँसभा आह्वान गर्ने सम्बन्धमा ।

५. जग्गा प्लटिङ वा खण्डिकरण सम्बन्धमा ।

## २०८३ जेठ ९ गते बसेको तेह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | अपाङ्गता रोकथाम तथा पुन:स्थापना साझेदारी कार्यक्रम सम्बन्धमा । | अपाङ्गता रोकथाम तथा पुन:स्थापना साझेदारी कार्यक्रम सञ्चालनका लागि लुम्बिनी प्रदेश, सामाजिक विकास मन्त्रालयमा आशय पत्र पेश गर्न आवश्यक रहेको । | अपाङ्गता रोकथाम तथा पुन:स्थापना साझेदारी कार्यक्रम सञ्चालनका लागि आ.व. २०८३/०८४ तथा २०८४/०८५ मा लाग्ने कुल रकमको २५ प्रतिशत साझेदारी गर्ने र सोको लागि ७०००००।-(अक्षरुपी सात लाख रुपैया) मात्र वजेट सुनिश्चितताका लागि आगामी गाउँसभालाई अनुरोध गर्ने । साथै तपसिल बमोजिमका समुदायमा आधारित पुन:स्थापना सहजकर्ताका लागि जिम्मेवारी तोक्ने ।<br>तपसिल<br>१. सावित्रा कुमारी थापा -स्वा.अ. (क.न.)<br>२. भगवती बुढा -म.वि.नि.<br>३. दुर्योधन महरा -स.क.अ. | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि पूर्वस्वीकृति सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न आवश्यक रहेको हुदाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मापदण्ड, २०८२ दफा ५ को उपदफा (३) बमोजिम पूर्वस्वीकृति प्रदान गर्ने साथै सोही मापदण्डको दफा ७ को उपदफा (१) को खण्ड (इ) बमोजिम तपसिलको सर्वक्षण समिति गठन गर्ने ।<br>तपसिल<br>१. प्रमुख प्रशासकीय अधिकृत -संयोजक<br>२. आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य<br>३. प्रशासन शाखा प्रमुख -सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | गाउँसभा आह्वान गर्ने सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिका गाउँसभाको २० (विसौं) अधिवेशन आह्वान गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिका, गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम गाउँ सभाको २० (विसौं) अधिवेशन मिति २०८३ जेठ २९ गते आह्वान गर्न, श्रीमान् गाउँपालिका अध्यक्षज्यू समक्ष सिफारिस गर्ने । तथा सभामा खटिने कर्मचारीहरुलाई प्रोत्साहत भत्ता उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | जग्गा प्लटिङ वा खण्डिकरण सम्बन्धमा । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २७ (३) बमोजिम पूर्वस्वीकृति नलिई भवनका लागि जग्गाको खण्डिकरण वा प्लटिङ गर्न नपाइने व्यवस्था गरेको । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २७ (३) बमोजिम गाउँपालिका वा नगरपालिकाको पूर्वस्वीकृति नलिई भवनका लागि जग्गाको खण्डिकरण वा प्लटिङ गर्न नपाइने व्यवस्था गरेको हुदाँ यस गाउँपालिकाको जग्गा प्लटिङ वा खण्डिकरणको सम्भावना नरहेको हुदाँ मापदण्डको आवश्यक नरहेको । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

मणिराम डुवाखोकी
अध्यक्ष

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत